# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३४८ | काठमाडौं | मंगलबार, ०५ वैशाख २०८० | Prabhab National Daily | Tuesday, 18 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घर भित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रधानन्यायाधीश नियुक्तिको सुरसार

■ जेबी योञ्जन

- नियुक्ति सिफारिस संवैधानिक परिषद्बाट
- परिषद् बैठक शुक्रबारका लागि आह्वान
- प्रधानमन्त्री, सभामुख, कांग्रेस सभापति र एमाले अध्यक्ष सकारात्मक
- सर्वोच्चमा पाँच, उच्चमा छ मुख्यसहित ४१ न्यायाधीश र जिल्लामा ३२ न्यायाधीश रिक्त
- संसदीय सुनुवाइ समिति गठन हुनै बाँकी




**काठमाडौं–** १४ महिनादेखि सर्वोच्च अदालत प्रधानन्यायाधीशविहीन छ। यति लामो समयदेखि सर्वोच्चको कमान्ड कायममुकायम प्रधानन्यायाधीशले चलाइरहेका छन् ।

राज्यका प्रमुख तीन अंगमध्येकै महत्त्वपूर्ण एउटा अंग न्यायापालिका नेतृत्वविहीन हुनुमा सरकार र प्रमुख विपक्षी दल जिम्मेवार छन् ।

कानुन व्यवसायीहरूको संगठन नेपाल बार एसोशिएसनले छिटो प्रधानन्यायाधीश नियुक्तिका लागि दबावसमेत दिइसकेको छ ।

नेतृत्वविहीन हुँदा न्यायालयको साख खस्किने चिन्ता बारको छ ।

बारको दबावबीच सोमबार प्रधानमन्त्री पुष्पकलम दाहाल, सभामुख देवराज घिमिरे, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रमुख विपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच प्रधानन्यायाधीश नियुक्तिबारे छलफल भयो ।

ओलीका प्रेसविज्ञ रामशरण बजगाईंका अनुसार छलफलमा प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने सन्दर्भमा सहयोग गर्न प्रधानमन्त्री दाहाल र देउवाले ओलीलाई आग्रह गरेका छन् ।

त्यसका लागि संवैधानिक परिषद्को बैठक बोलाउने दाहालको प्रस्ताव पनि थियो । यसबारे ओलीको जवाफ उद्धृत गर्दै बजगाईंले प्रभावसँग भने,- 'बैठक मैले बोलाउने होइन । तपाईंले हो । कहिले बोलाउने तपाईंकै हातमा छ । म सकारात्मक नै छु ।'

ओली प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिसबारे सकारात्मक भएसँगै प्रधानमन्त्री दाहालले यही शुक्रबार परिषद् बैठक आह्वान गरेका छन् । सोही दिनको परिषद् बैठकले प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने भएको छ ।

संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष हुन्छन् । प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रियसभा अध्यक्ष, विपक्षी दल (एमाले) को नेता र प्रतिनिधिसभाका उपसभामुख सदस्य रहने व्यवस्था छ । तर, प्रधानन्यायाधीश नहुँदा परिषद् भने अपूर्ण छ ।

सोही परिषद्लाई नै प्रधानन्यायाधीश सिफारिस गर्ने अधिकार छ । सिफारिसपछि संसदीय सुनुवाइ समितिले सुनुवाइ गर्नुपर्छ । समितिबाट अनुमोदन भएको अवस्थामा मात्रै नियुक्त हुने प्रावधान छ ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ९५ जना सांसदहरूले संसद् सचिवालयमा महाअभियोग प्रस्ताव १ फागुन २०७८ मा दर्ता गराएका थिए ।

उक्त प्रस्तावका कारण उनी स्वतः निलम्बनमा परे । त्यसपछि जबरा सर्वोच्च फर्किन नपाई उमेर हदका कारण गत मंसिर अन्तिम साता सेवा निवृत्त भए ।

यद्यपि, सरकारले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन सकेन । कारण-चित्रबहादुर केसी संयोजक रहेको प्रतिनिधिसभा सञ्चालन नियमावली मस्यौदा समितिले छलफल गरेर पास गरेको नियमावली बल्लतल्ल १९ चैतमा पास भयो । नियमावली पास भएपछि संसदीय समितिहरू गठनको मार्ग प्रशस्त त भयो तर समितिहरू गठन भएकै छैन ।

सभामुख घिमिरेले दलहरूलाई कार्य व्यवस्था परामर्श समितिसँगै संसद्का विभिन्न विषयगत समितिहरूका लागि सांसदको नाम सिफारिस गर्न ताकेता गरेको पनि पटकपटक भइसक्यो । अझै पनि ठूला दलहरू कांग्रेस, एमाले, माओवादी र रास्वपाले नाम पठाइसकेका छैनन् ।

यसले गर्दा पनि संसदीय समितिहरू गठन हुनै सकेको छैन । र, यदि संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिस गरे पनि संसदीय समिति नहुँदा सुनुवाइ प्रभावित हुने नेपाल बारका पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठले बताए ।

'दलहरूले चाहेको भए यसअघि नै प्रतिनिधिसभा नियमावली पास गरेर संसदीय समिति गठन गरिसक्थे । त्यसपछि प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया सायद अघि बढ्थ्यो । तर, दलहरूको चाहना भएन', उनले भने 'यदि, परिषद् बैठकले प्रधानन्यायाधीश सिफारिस गरेको अवस्थामा सुनुवाइ हुने छैन ।'

प्रधानन्यायाधीश हुन सर्वोच्च अदालतको स्थायी न्यायाधीश भएर कम्तीमा तीन वर्ष न्याय सम्पादन गर्नुपर्ने मापदण्ड छ । सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभवलगायत पनि मापदण्ड हुन् ।

यी आधारमा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की नै प्रधानन्यायाधीश हुने सम्भावना उच्च छ । तर, परिषद्ले उनैलाई प्रधानन्यायाधीशमा (**बाँकी पृष्ठ २ मा**)

# तनहुँमा 'टाउको टेकेर' कांग्रेसको प्रचार



गोविन्द भट्टराई (कांग्रेस) सर्वेन्द्र खनाल (एमाले) स्वर्णिम वाग्ले (रास्वपा)

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्ता गठबन्धनको प्रमुख दलले उपचुनावमा दुई सिट पाएको छ। दुई सिटमध्ये कांग्रेसका लागि अहिले प्रतिष्ठाको क्षेत्र बनेको छ, तनहुँ-१ ।

एक त यसअघि यहाँबाट कांग्रेसकै उम्मेदवार जितेकाले यसलाई जोगाउनु कांग्रेसको लागि प्रतिष्ठाको विषय रह्यो । अर्को महत्त्वपूर्ण विषय हालै रुख छाडेर घन्टी रोजेका स्वर्णिम वाग्लेको ओज ।

उपनिर्वाचनमा टिकटको आशा गरे पनि कांग्रेसले नपत्याएपछि सभापति शेरबहादुर देउवालाई प्रश्न गर्दै स्वर्णिम राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरे । देशमा घन्टी चुनाव चिह्नप्रति फैलिएको लहर र आफ्नै व्यक्तित्वका कारण स्वर्णिम अहिले चर्चाको केन्द्रमा छन् । त्यसैले कांग्रेसका नेताहरू अहिले तनहुँमा ओइरिएका छन् ।

कांग्रेसले यहाँ नेविसंघका पूर्वअध्यक्ष गोविन्द भट्टराईलाई उम्मेदवार बनाएको छ । उनी सत्ता गठबन्धनकै उम्मेदवार हुन् । उनलाई जसरी पनि जिताउनुपर्ने निष्कर्षमा पुगेको कांग्रेसले मंगलबार दमौलीमा दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालाई उतार्दै छ । दमौलीमा यसअघि उम्मेदवारी मनोनयनकै दिन गगन स्वर्णिममाथि खनिएका थिए । त्यतिबेला गगनले स्वर्णिम 'भगौडा' भएको र यस क्षेत्रका लागि पाहुना उम्मेदवार भएको आरोप लगाएका थिए । कांग्रेसमा संघर्ष गर्न छाडेर लात हान्दै भागेको आरोप त्यतिबेला गगनले लगाएका थिए । आफू संसदीय दलमा पनि पार्टी सभापति शेरबहादुर देउवासँग भिडेर आएको र युवालाई पार्टीमा स्थान भएको उनको दाबी थियो ।

सोही दिन चितवन-२ मा जितनारायण श्रेष्ठलाई मत माग्दै गर्दा अर्का महामन्त्री शर्माले स्वर्णिमलाई कांग्रेस सभापति देउवाले नै राष्ट्रिय योजना आयोगको उपाध्यक्ष बनाएको स्मरण गराएका थिए ।

तनहुँमा गठबन्धनले कांग्रेसका दुई महामन्त्रीसँग माओवादी केन्द्रका महासचिव देव गुरुङलाई पनि दमौलीमा उतार्दै छ। यसअघि यस क्षेत्रमा कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला पुगिसकेका छन्। कोइराला जसरी पनि गोविन्दलाई जिताउनुपर्ने जोडमा देखिन्छन्। कांग्रेसमा संस्थापन पक्ष र इतरको लडाइँ गाउँसम्मै हुने गर्छ। सोमबार ब्यास र आँबुखैरहनी पुगेका कोइरालाले मनमुटाव बिर्सेर कांग्रेसको (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# साउदीमा आप्रवासी श्रमिकलाई ३ महिने अस्थायी भिसा

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियाले आप्रवासी श्रमिकहरूलाई तीन महिने अस्थायी 'वर्किङ भिसा' दिने भएको छ। रोजगारदाताहरूलाई छोटो अवधिका लागि विदेशी श्रमिक भित्र्याउन सहयोग पुऱ्याउने उद्देश्यका साथ साउदीले उक्त नियम ल्याएको हो ।

साउदीले जारी गर्ने अस्थायी कामदार भिसा विनाकागजात र विनाश्रम प्रक्रिया सजिलै लिन सकिने त्यहाँको सञ्चारमाध्यम गल्फ न्युजले उल्लेख गरेको छ । उक्त भिसा जारी गर्ने 'क्विवा' प्लाटफर्मका अनुसार भिसा स्वीकृति पाउने विदेशी श्रमिकले तीन महिनासम्म साउदीमा काम गर्न पाउने छन्। यदि तीन महिनाको म्याद सकिए श्रमिकको आवश्यक्ता अनुसार पुनः तीन महिना अवधिकै भिसा थप गर्न सक्ने व्यवस्था गरिएको छ ।

यो भिसा पाउन रोजगारदाता वा क्विवाका आयुक्तहरूले आवेदन पेस गरेको हुनुपर्ने बताइएको छ । क्विवा साउदीको मानव संसाधन मन्त्रालयअन्तर्गत रहेको श्रम क्षेत्रका विभिन्न सेवाहरू प्रदान गर्न तयार गरिएको विद्युतीय प्लेटफर्म हो। यस भिसामार्फत छोटो समयका लागि विदेशी श्रमिक मगाउन चाहने रोजगारदाता व्यावसायिकरूपमा दर्ता भएको र भिसा माग गरेको समयसम्म सक्रिय भएको हुनुपर्ने व्यवस्था गरिएको छ।

रोजगारीका लागि अस्थायी भिसा लिएका विदेशी श्रमिकलाई इकामा (बसोवास अनुमति) लिनुपर्ने आवश्यक्ता नपर्ने स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। यस्तै भिसा प्राप्त गरेका श्रमिकलाई




> यो भिसा पाउन रोजगारदाता वा क्विवाका आयुक्तहरूले आवेदन पेस गरेको हुनुपर्ने बताइएको छ । क्विवा साउदीको मानव संसाधन मन्त्रालयअन्तर्गत रहेको श्रम क्षेत्रका विभिन्न सेवाहरू प्रदान गर्न तयार गरिएको विद्युतीय प्लेटफर्म हो ।

काम गर्नका लागि वर्क परमिट र रेजिडेन्सीको आवश्यक पर्ने छैन । रोजगारदाताले माग गरेअनुसार अनलाइन निवेदन दिएलगत्तै विनाकागजात क्विवामार्फत भिसा जारी हुनेछ। यो भिसा इलेक्ट्रोनिक हुनुका साथै एक वर्ष मान्य अवधि हुनेछ । रोजगारदाताले चाहेमा अस्थायी कामदार भिसा ब्यालेन्स प्याकेज रद्द गर्न र सरकारी शुल्क फिर्ता गर्न सकिने उल्लेख छ। यसका लागि रोजगारदाता वा क्विवाका आयुक्तहरूले निवेदन दिनसक्ने व्यवस्था गरिएको छ।

साउदी सरकारले अस्थायी कामदार भिसालाई एउटा कार्यक्रमकै रूपमा अघि सारेको गल्फ न्युजले जनाएको छ। यस कार्यक्रममार्फत साउदीमा रहेका निजी कम्पनीहरूलाई छोटो समयका लागि तत्कालै विदेशी कामदार चाहिए परिपूर्ति गर्न सजिलो होस् भन्ने उद्देश्य राखिएको छ । साउदीमा आफ्नै नागरिकलाई रोजगारीका लागि पहिलो प्रथमिक्ता दिनुपर्ने प्रावधान राखिए पनि अस्थायी कामदार भिसाले कुनै फरक नपार्ने बताइएको छ।

## वैदेशिक रोजगारीका नाममा ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि मलेसिया पठाइदिने भन्दै ठगी गरेको आरोपमा एक महिला पक्राउ परेकी छन्। मलेसियाको राम्रो कम्पनीमा आकर्षक रोजगारी दिलाइदिने भन्दै ठगी गरेको आरोपमा विमला थापालाई प्रहरीले पक्राउ गरेको हो ।

काठमाडौं महानगरपालिका-१० थापागाउँ स्थायी घर भएकी ५१ वर्षीया थापाले कमल चौधरीलाई मलेसियाको राम्रो कम्पनीमा काम लगाइदिने विश्वास दिलाई प्रलोभनमा पारी रकम लिएर सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ । थापालाई सोमबार बानेश्वरबाट पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । पीडितबाट रकम लिई सम्पर्कसमेत नगरी फरार रहेको भन्दै थापालाई वैदेशिक रोजगार विभागले पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरिक्षक रविन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार पक्राउ परेकी थापालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको छ ।

त्यसैगरी प्रहरीले इटाली, दक्षिण कोरिया, न्युजिल्याण्ड, पोर्चुगललगायतका देशमा पठाइदिने भन्दै ठगी गरेको अभियोगमा ग्रिनलिफ इन्टरनेसनल कन्सलटचान्सी र नेपाल स्नोफल माउन्टेन्स ट्रेक एण्ड एक्सपिडिसनका सञ्चालक सुदनकुमार शाही र प्रबन्ध निर्देशक अनिल श्रेष्ठलाई पनि पक्राउ गरेको छ । उनीहरूले विपिन खत्रीसहित २२ जनालाई उल्लिखित मुलुकमा जान प्रतिव्यक्ति पाँच लाख रूपैयाँ लाग्ने भन्दै पटक-पटक गरी ६६ लाख ३७ हजार रूपैयाँ ठगी गरी फरार भएको प्रहरीले जनाएको छ ।




# देशभर तीन दिनसम्म तुवाँलो रहने

**काठमाडौं–** केही दिनयतादेखि डढेलोका कारण काठमाडौंसहित देशभर वायु प्रदूषण बढ्दै गएको छ । काठमाडौं उपत्यकासहित देशका धेरैजसो ठाउँमा बढिरहेको वायु प्रदूषण अझै तीन दिनसम्म कायमै रहने जनाइएको छ ।

प्रदूषणलाई नेपालबाट अन्यत्रै लैजाने गरी हावा नचल्ने र पानी पर्ने पनि सम्भावना नरहेकाले प्रदूषण अझै केही दिन स्थिर रहने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । देशका केही ठाउँमा लामो समयदेखि पानी नपरेको र धेरै ठाउँमा डढेलो लागेकाले वायु प्रदूषण उच्च भएको महाशाखाको भनाइ छ ।

वातावरण विभागका प्रवक्ता शंकरप्रसाद पौडेलले डढेलोबाट निस्किएको धुवाँसँगै पानी नपर्नु र हावा कम चल्नाले प्रदूषण सतह नजिक थुप्रिएको बताए । उनले स्याटेलाइट तस्बिर हेर्दा काठमाडौं उपत्यकामा बारा, पर्सा र चितवनबाट निस्किएको धुवाँका कारण प्रदूषण बढेको जानकारी दिए । बारा, पर्सा र चितवनबाट बागमती कोरिडोर हुँदै काठमाडौंमा आएको हावा अन्यत्र वहन नसक्दा काठमाडौं उपत्यकामा प्रदूषणको मात्रा बढेको हो ।

प्रदूषणबाट जोगिन सावधानी अपनाउन तथा वायु प्रदूषण बढिरहेकाले घरबाहिर सकेसम्म ननिस्किन र निस्कनै परे मास्क र चस्माको अनिवार्य प्रयोग गर्न विभागले आग्रह गरेको छ । जलवायु तथा विपद्विज्ञ डा. धर्म उप्रेतीले सबैले मास्कको अनिवार्य प्रयोग गर्नुपर्ने र अत्यावश्यक काम नभई घरबाट बाहिर निस्कन नहुने बताए । उनले प्रदूषण हट्न अझै केही दिन लाग्ने पनि बताए ।

वायु प्रदूषणका कारण ब्लड प्रेसर बढ्ने, मुटुको समस्या, क्यान्सरलगायतका समस्याहरू बढ्ने भएकाले सावधानी अपनाउनसमेत वातावरण विभागका प्रवक्ता पौडेलले जानकारी दिए । प्रदूषित हावाका कारण देशैभर हवाई उडानसमेत प्रभावित बन्दै गएको छ ।

त्रिभुवन विमानस्थल कार्यालयका अनुसार कम भिजिबिलिटीका कारण आन्तरिक विमानस्थलहरूको उडान आइतबार प्रभावित बनेको हो । काठमाडौंबाट अन्तर्राष्ट्रिय उडान भने सामान्य भइरहेका बताइएको छ । आइतबार गरिएको हावाको गुणस्तर मापक सूचक आइक्युएयर अनुसार काठमाडौं उपत्यका वायु प्रदूषणमा विश्वभरमा पहिलो सूचीमा थियो ।

पानी नपरेको खण्डामा वा तीव्र गतिको हावा नचलेमा उपत्यकासहित देशभरको वायु प्रदूषण नघट्ने र अझै केही दिन प्रदूषण कायमै रही जोखिम बढ्दै जाने वातावरण विभागका प्रवक्ता पौडेलले जानकारी दिए । वायु प्रदूषणको मात्रा नाप्ने आइक्युएयरका अनुसार आइतबार भक्तपुर र ललितपुरको पाटनमा बढी वायु प्रदूषण थियो । यी ठाउँमा हावाको गुणस्तर मापन सूचक आइक्युएयर २०० भन्दा माथि थियो ।

यसैगरी, कीर्तिपुर, रत्नपार्क, मध्यपुर थिमि, हेटौंडा र धनकुटाको हावा पनि अस्वस्थकर थियो । यी क्षेत्रमा हावाको गुणस्तर मापन सूचक आइक्युएयर झन्डै २०० पुगेको थियो ।

आइक्युएयर ५० भन्दा धेरै भएमा कमजोर स्वास्थ्य भएका समूह जोखिममा पर्छन् भने १०० भन्दा माथि भएमा सबैका लागि अस्वस्थ हुन्छ । ५१ देखि १०० सम्म आइक्युएयर मापन गरिएको वायु सामान्य अवस्थाको मानिने गरिन्छ । त्यसभन्दा माथिको एक्युआई अस्वस्थकर हुन्छ । आइक्युएयर ३०० भन्दा माथि पुगेमा वायु प्रदूषण डरलाग्दो र घातक मानिन्छ । *रासस*

## प्रधानन्यायाधीश...

पृष्ठ १ बाट जारी

सिफारिस गर्ला कि नगर्ला ? टुंगो छैन ।

प्रधानन्यायाधीश न्याय परिषद् अध्यक्ष पनि हुन् । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, सर्वोच्चका वरिष्ठतम् न्यायाधीश, लोकसेवा आयोगका अध्यक्ष र महान्यायाधिवक्ता सदस्य हुन्छन् । यसरी प्रधानन्यायाधीश र कानुनमन्त्री दुवै हाल छैनन् । नभएकै कारण उच्च र जिल्ला अदालतहरूमा न्यायाधीश नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाहीलगायत प्रभावित भएको छ ।

न्याय परिषद्का अनुसार हाल सर्वोच्चमा पाँच जना न्यायाधीशको पद रिक्त छ । उच्च अदालतमा ६ मुख्य न्यायाधीशसहित ४१ न्यायाधीश र जिल्ला अदालतमा ३२ जना न्यायाधीशको रिक्त पद छ । प्रधानन्यायाधीश र कानुनमन्त्री नियुक्त ढिला भए जिल्ला, उच्च र सर्वोच्चको न्याय सम्पादन कार्य थप प्रभावित हुने देखिएको छ । सोहीकारण, सरकारको चर्को आलोचना हुँदै आएको छ ।

## तनहुँमा ...

पृष्ठ १ बाट जारी

उम्मेदवार जिताउन नेता कार्यकर्तालाई निर्देशन दिएका छन् ।

उपसभापति धनराज गुरुङ यसअघि यहाँ पुगेर फर्किसकेका छन् । तनहुँ-२ का सांसदसमेत रहेका शंकर भण्डारी यहाँ अड्डा जमाएर बसेका छन् । केन्द्रीय नेताहरू पनि कांग्रेसको पक्षमा माहोल बनाउन यहाँ पुगिरहेका छन् । स्वर्णिमको पक्षमा जबरजस्ती माहोल बढ्न थालेपछि कांग्रेसले दिलोज्यान दिएर चुनावी प्रचारमा लागेको स्थानीय नेताहरू बताउँछन् । 'यहाँ जित्न हम्मे हुने देखिन्छ कांग्रेसलाई, कांग्रेस अहिले दिलोज्यान दिएर लागेको छ,' कांग्रेसका एक नेताले नाम नखुलाउने सर्तमा भने । स्वर्णिमको पक्षमा युवाहरू देखिएको र सहरी क्षेत्र उनको पक्षमा खुल्दा कांग्रेसलाई सकस पर्ने उनको भनाइ थियो ।

यद्यपि ग्रामीण क्षेत्र भने आफ्नो पार्टीको पक्षमा रहेको ती नेताले बताए । रास्वपाले परिणाम आफ्नो पक्षमा आउने दाबी गरेको छ । आफ्नो पक्षमा माहोल बनाउन कांग्रेसले गोविन्दराज जोशीको कारबाही फुकुवा गरे पनि उनी रास्वपाको उम्मेदवारको समर्थनमा लागेका छन् । दुई नेताको टक्करका बीच नेकपा एमालेका उम्मेद्वार सर्वेन्द्र खनाल भने छायामा परेका छन् । एमालेले यो क्षेत्रमा शीर्ष नेतासमेत खटाएको छैन ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६९/०१/१४ मा दर्ता भएको प्रा.लि. नं. ९२७०९ को **बाग्लुङ्ग कालिका दोहोरी साँझ प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

---

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही मलंगवा
मोही फाँट

## ३५ दिने सार्वजनिक सूचना !

जिल्ला सर्लाही साविक गा.वि.स. जब्दी वडा नं. ९ हाल लालवन्दी न.पा. वडा नं. १७ मा बस्ने **सांग दोर्जे हेन्जन तमांग** लाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही रानिगञ्ज गा.वि.स. वडा नं. ३ हाल लालवन्दी न.पा. वडा नं. १७ मा बस्ने तपसिल बमोजिम व्यक्तिको नाउँमा दर्ता रहेको निम्न जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स जब्दी वडा नं. ९ हाल लालवन्दी न. पा. वडा नं. १७ मा बस्ने **सांग दोर्जे हेन्जन तमांग** को नाम उल्लेख रहेकोमा जग्गा धनीले **जग्गा नजोतेको मोही लगत कट्टा** गरिपाऊँ भन्ने निवेदनमा मिति २०८०/०१/०४ गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाणसहित पठाउनुहोला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **जग्गा नजोतेको मोही लगत कट्टा**तर्फको कारबाही भइजाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

**तपसिल :**

| सि.नं. | जिल्ला | गा.वि..स | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी | मोही |
|---|---|---|---|---|---|---|---|
| १. | सर्लाही | जब्दी | ९ (घ) | ६०६ | ०-०-११.१।४ | राम बहादुर श्रेष्ठ | सांग दोर्जे हेन्जन तमांग |
| २. | सर्लाही | जब्दी | ९ (घ) | ६०७ | ०-०-११.१।४ | मनोज कुमार श्रेष्ठ | |
| ३. | सर्लाही | जब्दी | ९ (घ) | ६०८ | ०-०-१३ | हरि बहादुर श्रेष्ठ | |
| ४. | सर्लाही | जब्दी | ९ (घ) | ६०९ | ०-०-४.१।२ | वृप बहादुर श्रेष्ठ | |

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AOBA ELECTRONICS CO., (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/३० LT. No. 284666 चलानी नं. ६०२००११४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

---

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALUPUTER MANUFACTURING (M) SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/२७ पून स्वीकृति मिति : २०८०/०१/०४ LT. No. 273482 चलानी नं. ६०१८९२२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 25 | 0 | 1500 | ४४४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०१/०४ LT. No. 284813 चलानी नं. ६०२००२७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labor | 50 | 0 | 1000 | ३५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

---

## शिक्षक आवश्यकता

यस विद्यालयका लागि शिक्षक आवश्यकता परेको हुँदा योग्य व्यक्तिले आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**विज्ञापन नं.** : २/२०७९/०८०
**पद संख्या** : १ जना
**तह** : आधारभूत (निम्न माध्यमिक)
**विषय** : अंग्रेजी
**न्यूनतम शैक्षिक योग्यता** : सम्बन्धित विषयमा आई.एड.
**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमतिपत्रको प्रमाणपत्र र एस.एल.सी/एस.ई.ई.देखि माथिका शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा कक्षा अवलोकन
**दरखास्त दिनुपर्ने अन्तिम मिति** : २०८०/०१/१० गते कार्यालय समयभित्र
**परीक्षा मिति र स्थान** : सम्पर्क मितिको दिन तोकिने छ ।
**सम्पर्क मिति** : २०८०/०१/११
**तलव स्केल** : नेपाल सरकारले तोकेबमोजिम
**दरखास्त दिनुपर्ने स्थान** : सम्बन्धित विद्यालयको कार्यालय
**दरखास्त शुल्क** : रु.१५००/- (पछि फिर्ता नहुने गरी)

**सम्पर्क नम्बर** :
वीर बहादुर थापा मगर (वि.व्य.स.अध्यक्ष): ९८४२४२२१७८
प्रमोद राई (प्र.अ.) ९८१८४१०५२०/९८४३६२५४९९

**श्री सिसाखोला आधारभूत विद्यालय**
सोलुदूधकुण्ड नगरपालिका–१०, टाप्टिङ, सोलुखुम्बु

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN MOHAMMED BIN IBRAHIM AL-NASHIRI FOUNDATION FOR CAR SERVICES

पुर्व स्वीकृति मिति २०८०/०१/०४ LT No.284818 चलानी नं.६०२००२४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Vehicle Cleaner | 1 | 0 | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTER HIGH ENGINEERING SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२५ पुर्व स्वीकृति मिति २०८०/०१/०४ LT. No. 269234 चलानी नं. ६०१८५०९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४४४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUUSSE

पूर्व स्वीकृति मिति २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०४ LT. No. 278259 चलानी नं. ६०१९३९४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Light Driver | 2 | 0 | 1700 | ६१,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

---

तेमाल गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश

## क्याटलग ब्रोसर सपिङ विधिबाट मिनिटिलर खरिद सम्बन्धी सिलबन्दी आह्वान

प्रकाशित मिति: २०८०/०१/०५

यस कार्यालयको आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिनिटिलर उपकरण सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १ क तथा सार्वजनिक खरिद नियमावली २०६४ चौथौं संसोधन नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार उक्त उपकरणको उत्पादक वा आधिकारिक विक्रेताहरुबाट उक्त मेसिन विक्रिगर्ने नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अध्याबधिक नविकरण भएको अनुमति पत्र स्थायी लेखा (प्यान), २०७८/७९ को सम्मको कर चुक्ताको प्रमाण पत्र, उक्त मेसिन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्यानुभवको प्रमाण पत्र, उत्पादकको आधिकारिक प्राविधिक स्पेसिफिकेसन, मुल्य गुणस्तर तथा सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर राखि यो सूचना प्रकाशित भएको मितिले ७औं (सात) दिनको कार्यालय समयभित्र खरिद गर्न सकिने र आठौं दिन १२ बजे सम्म दर्ता गर्न सकिने छ र दर्ता गरिएका सिलबन्दि प्रस्तावहरु सोहि दिनको १२ बजे खोलिने छ । साथै पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा पेश गर्न सकिने छ । उक्त मेसिनको स्पेसिफिकेसन गाउँपालिकाको website www.temalmun.gov.np मा रहेको व्यहोरा अनुरोध छ ।

| सि.नं. | उपकरणको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मनिटिलर | 7HP, Petrol Engine, Gear Driven, Double Clutch | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत प्राविधिक स्पेसिफिकेसन बमोजि हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘संघीय निजामती ऐन सरकारको प्राथमिक्तामा’

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले संघीय निजामती ऐन सरकारको प्राथमिक्तामा रहेको बताएकी छन् । राष्ट्रिय सभाको सोमबारको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्यांकन प्रतिवेदनमाथिको छलफलका क्रममा सांसदहरूले राखेका जिज्ञासाको जवाफ दिँदै उनले संघीय निजामती ऐन संसद्मा पेस हुने अन्तिम चरणमा पुगेको बताइन् ।

‘संघीय निजामती ऐनमा सरकोकारबालासँग छलफल भएको छ । यो सरकारको अत्यन्त प्राथमिक्ताको विषय हो, करिब अन्तिम अवस्थामा छ,’ उनले भनिन्, ‘संघीय मामिला मन्त्रालयबाट कानुन मन्त्रालयमा पुगेको छ । अन्तिम चरणमा छ । मन्त्रिपरिषद्मा आउनेबित्तिकै संघीय संसद्मा प्रस्तुत गर्ने तयारीमा छौं ।’

राष्ट्रिय गौरवका आयोजनाको काम सुरु हुने तर कामको अन्त्य नहुने, एउटै निर्माण व्यवसायीले धेरै ठेक्का लिने विषयमा मन्त्रिपरिषद्मा गम्भीर ढंगबाट छलफल भएको जनाउँदै उनले सार्वजनिक खरिद ऐन संशोधन गर्नेतर्फ सरकारको ध्यान गएको बताइन् । ‘खरिद ऐनमा भएका समस्याका कारण पनि आयोजना निर्माण तथा आयोजनाको गुणस्तरमा समस्या आएको छ । सरकारले यसलाई गम्भीर ध्यान दिएको छ,’ मन्त्री शर्माले भनिन् ।

संसद् आफैंमा सरकारको निगरानी गर्ने थलो भएको जनाउँदै उनले सरकारलाई सही ‘ट्र्याक’मा हिंडाउन संसद्ले भूमिका निर्वाह गरिरहेको बताइन् । मन्त्री शर्माले भनिन्, ‘समितिले मन्त्रालयलाई दिएका निर्देशन, पालना र वार्षिक प्रतिवेदनका आधारमा दिएका सुझाव कार्यान्वयनको अवस्थाबारे सदनमा छलफल हुनु सरकारको निगरानी नै हो ।’ सबै समितिले वार्षिक प्रतिवेदन बनाएर सरकार र अलगअलग मन्त्रालयसँग छलफल गर्दा उचित हुने उनको भनाइ थियो । ‘समितिका प्रतिवेदनलाई सरकारले सकारात्मक ढंगबाट लिएको छ । कमीकमजोरी अन्त्य गरेर अगाडि बढिनेछ,’ उनले भनिन् ।

संघीय अधिकार बाडँफाडसँग सम्बन्धित कानुन बनाउने विषय सरकारको उच्च प्राथमिक्तामा रहेको उनको भनाइ थियो । उनले तीन तहको सरकारलाई अधिकार सम्पन्न बनाउने कानुन निर्माण गर्न सरकार लागिपरेको बताए । मन्त्री शर्माले भनिन्, ‘संघीय अधिकार बाँडफाँडका विषयमा कानुन बनाउने विषय सरकारको उच्च प्राथमिक्तामा रहेको छ ।’

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SJ VARIED SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०३/१३ | पुन स्वीकृति मिति २०८०/०१/०४ | LT No :265941 | चलानी नं. ६०१८१९१६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४४४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : WAN LIN REALTY SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन स्वीकृति मिति २०८०/०१/०४ | LT No :275104 | चलानी नं. ६०१९१०७८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 20 | 0 | 1500 | ४४४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : FWF (KLAMG) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/२२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०४ | LT. No. 271182 | चलानी नं. ६०१८७२०८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Resturent crew | 10 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ गते (25th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 404/060/061

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MULTI HARVEST CONSTRUCTION**

